## सगरमाथामा...

भने पहिचान खुल्न बाँकी छ । सगरमाथा आरोहणका क्रममा ११ जनाको मृत्यु भएको पर्यटन विभागद्वारा गठित अनुगमन समितिका संयोजक खिमलाल गौतमले जानकारी दिएका छन् । 'यस सिजनमा सगरमाथाको चुचुरोमा जाने क्रममा, चुचुरोमा पुगेर फर्किने क्रममा तथा सरसामान ओसारपसारका क्रममा गरी अहिलेसम्म ११ जनाले ज्यान गुमाएका छन्' उनले सञ्चारकर्मीसँग भने ।

सगरमाथा आरोहण गर्नका लागि अहिलेसम्मकै सबैभन्दा बढी अर्थात ४ सय ६६ जना आरोहीले अनुमति लिएका थिए । ती मध्ये कतिले सफल आरोहण गरे, त्यसको अन्तिम रिर्पोट तयारी गरिदै गरेको पर्यटन बोर्डले जनाएको छ । यस सिजनमा कामरिता शेर्पाले २७ औं पटक सगरमाथा आरोहण गरेर विश्व किर्तिमान बनाएका छन् ।

## अर्थमन्त्रीलाई...

ध्यानाकर्षण त गराउनुपर्छ नि । लाखौं रुपैयाँ खाएर सहकारी भागिरहेको छ, खबौं रुपैयाँ वित्तीय प्रणालीमा छैन । अनि देशमा आर्थिक संकट नभए के लक्ष्मी भगवान आएर बस्छन् ? यो कुरा हामीले कहाँ ध्यानाकर्षण गराउने ?

**विराजभक्त :** तपाईलाई हतार भयो भनेर हुन्छ ? कि बैठक नै राख्नुभएन । सभापतिज्यु यस्तो हो भने बैठक नै नराखिदिनुहोस् । उहाँलाई हतार छ ठिक छ जानुहोस् ।

**मन्त्री :** तपाईहरूले पटकपटक यी कुराहरु राख्नुभएको छ, जिज्ञासा मात्रै राख्नुस् न । मैले ग्रहण गरेको छु, व्याख्यात्मक भन्दा जिज्ञासामा जानुहोस्, यो कुरा बुझेको छु ।

**विराजभक्त :** बुझेको भए संकट किन छ ?

**मन्त्री :** संकट मैले आजको आजै संकट समाधान हुन्छ र ? त्यसको लागि म इमान्दार प्रयास गर्छु ।

**विराजभक्त:** आजको बैठकको औचित्य के ?

**मन्त्री :** सभापतिज्युले बोलाएर म आएको हो नि ।

**विराजभक्त :** तपाई त समितिप्रति जवाफदेही हुनुहुन्छ नि ?

**मन्त्री :** हाम्रो औपचारिक प्रणालीबाट खबौं रुपैयाँ बाहिर छ, त्यसलाई नियमन गर्नुहोस् । त्यसले पनि असर गरेको छ ।

## एमालेले...

गरेको उनको टिप्पणी थियो । 'देश र जनताका पक्षाका योजना कटौती गर्ने र फजुल गफ गर्ने कुरा भयो । संसदमा यसको जमेर प्रतिवाद गर्नुपर्छ,' बैठकमा ओलीले भनेका थिए ।

ओलीले आइतबारको प्रतिनिधिसभा बैठकमा सम्बोधन गर्ने भएका छन् । उनले शनिबारको बैठकमा सो कुराको जानकारी गराएका हुन् । 'शुक्रबार प्रस्तुत भएको र आइतबारदेखि छलफल सुरु हुने नीति तथा कार्यक्रमको बारेमा संसद बैठकको प्रारम्भमा नै मैले धारणा राख्नेछु,' ओलीले भने । संसदीय दलको बैठक राखेर एमालेले नीति तथा कार्यक्रममाथि धारणा तय गरेको हो ।

## विदेशिने...

व्यवस्था गरिने उद्घोष गरिएको छ । विषय र विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

'हाम्रो स्कुल, बनाऔं राम्रो स्कुल' अभियानअन्तर्गत सामुदायिक विद्यालयमा स्थानीयतहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइने भनिएको छ । हाल करिब ५० हजार शिक्षक दरबन्दी अपुग रहेको छ । सामुदायिक विद्यालयलाई शैक्षिक नतिजाका आधारमा अनुदान दिने व्यवस्था मिलाइने र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीको सेवासुविधालगायतका विषयलाई सम्बोधन गरिने पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ । शैक्षिकसत्रअगावै पाठ्यपुस्तक उपलब्धताको सुनिश्चित गर्ने, दुर्गम र आर्थिकरूपमा विपन्न बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, दिवा खाजा कार्यक्रमलाई विस्तार गर्ने, प्रत्येक पालिकामा एक नमूना विद्यालय बनाउने, उच्च शिक्षा आयोग गठन गर्ने, विश्वविद्यालय शिक्षालाई रोजगार केन्द्रित गर्ने सरकारको प्रतिबद्धता रहेको छ ।

उच्च शिक्षालय तथा माध्यामिक विद्यालय संघ (हिसान) का अध्यक्ष रमेश सिलवालले नीति तथा कार्यक्रममा उच्च शिक्षालाई गुणस्तरीय बनाउने र छाता ऐन ल्याउने सवाल सकारात्मक भएको जनाउँदै विदेश विद्यार्थीको बढ्दा चाप रोक्ने र गुणस्तरीय शिक्षामा फड्को मार्ने कार्यक्रम नभएको बताए । उनले नवप्रवर्तन कोष स्थापना नयाँ भएको तर विद्यालय शिक्षामा पुरानै कुरा आएको टिप्पणी गर्दै कम्तीमा स्नातक तहसम्म नेपालमै पढ्ने वा नेपालमा पढाइ नहुने विषय वा छात्रवृत्तिमा पढ्न चाहने वा नेपालमा भन्दा अति नै राम्रा मानिएका विश्वविद्यालयमा पढ्नका लागि मात्रै अनुमति दिने प्रबन्ध हुनुपर्ने बताए ।

हिसानले 'उत्कृष्ट शिक्षा नेपालमै' भन्ने नाराका साथ गतिविधि सञ्चालन गर्दै आएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष डिके ढुङ्गानाले समग्रमा सार्वजनिक शिक्षाको वरिपरी नीति तथा कार्यक्रम आएको टिप्पणी गर्दै ती विद्यालयको सुधारमा आफ्नो पनि समर्थन रहे पनि निजी शिक्षालयले गर्दै आएको योगदानलाई सरकारले बिर्सन नहुने बताए ।

'नीति तथा कार्यक्रममा निजी विद्यालयप्रतिको धारणा र वैदेशिक अध्ययन गर्न जाने विद्यार्थी रोकेर स्वदेशकै शिक्षालयलाई उकास्ने सवालमा सम्बोधन भएको देखिएन । निजी विद्यालय पनि सरकारकै विद्यालय हुन् । निजी क्षेत्रको योगदानका बारेमा सरकारले नबोल्नुपर्ने कारण छैन', उनले भने, 'सरकारले विभिन्न क्षेत्रमा विदेशी लगानी खोजिरहेको छ भने आफैं लगानी गरेर स्वरोजगार र रोजगारी सृजना गरिरहेका निजी विद्यालयका बारेमा सम्बोधन गर्न सकिएको देखिएन ।' शिक्षा मन्त्रालयको आँकडा अनुसार आर्थिक वर्ष २०७९/८० मा ९२ हजार एक सय ४१ विद्यार्थीले विदेशमा अध्ययनका लागि अनुमतिपत्र लिएका छन् । हाल यो संख्या दैनिक पाँच सयको हाराहारीमा छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार पछिल्लो नौ महिनाको अवधिमा ६७ अर्ब १९ करोड बाहिरिएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ४३ अर्ब ६७ करोड बाहिरिएको थियो । नीति तथा कार्यक्रममा आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गरिने, दलित, अल्पसंख्यक, लोपोन्मुख, पछाडि पारिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिकरूपले विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई विशेष कार्यक्रम सञ्चालन गरिने, शिक्षा क्षेत्रका सबै छात्रवृत्ति एकद्वार प्रणालीमार्फत लागू गरिने र विपन्न लक्षित कार्यक्रम विस्तार गरिने उल्लेख छ ।

## एक...

मन्त्री ज्वालाले अर्थतन्त्रमा आएको सङ्कटका कारण पूर्वाधारका क्षेत्रमा लगानी बढाउन नसक्ने अवस्था आए पनि जनतासँग प्रत्यक्ष जोडिने सडक भएकाले सडक क्षेत्रमा लगानी बढाउने प्रयास सरकारले गरिरहेको बताए ।

आफू मन्त्री भएर आएदेखि नै सडकलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै उनले अलपत्र र रुग्ण अवस्थामा रहेका सडकका योजनालाई टुङ्गोमा पुर्याउन मन्त्रालयले समयमै गुणस्तरीय सडक निर्माण गर्न अभियान नै थालेको बताए । उनले सार्वजनिक सवारी सुरक्षित, भरपर्दो र थप सेवामुखी बनाउन प्रतिबद्धताका साथ काम गरिरहेको भन्दै यातायात क्षेत्रमा रहेका अव्यवस्था र जटिलतालाई सुधार्न मन्त्रालयले थालनी गरेको बताए ।

सडक पूर्वाधार राम्रो नहुँदासम्म यात्रुले सुविधा पाउन नसक्ने भन्दै उहाँले सडकलाई राम्रो बनाउने र दुर्गम ठाउँसम्म सुरक्षित सवारी सेवा पुर्याउन सडक पूर्वाधारमा लगानी बढाउनुपर्नेमा जोड दिए । मन्त्री ज्वालाले भने, 'मन्त्रालयको बढी चासो सडकको स्तर राम्रो र सार्वजनिक सवारीसाधन सुरक्षित गर्नतर्फ रहेको छ, सवारी दुर्घटनाको कहालीलाग्दो अवस्थाको अब अन्त्य हुनुपर्छ, सकेसम्म दुर्घटना नै नहोस्, भइहाले पनि कोही यात्रुको ज्यान नजाने अवस्था सिर्जना गर्नुपर्छ, त्यसका लागि सबै निकायसँग सहकार्य र समन्वय आवश्यक छ ।

ट्राफिक व्यवस्थापनमा कडाइ गर्नुपर्ने तर यसका नाममा सवारी चालकले अनावश्यक दु:ख पाउने अवस्था सिर्जना हुनु हुँदैन भन्दै उनले ट्राफिक प्रहरीले सहजीकरण र कडाइ दुवै गर्नुपर्ने बताए । मन्त्री ज्वालाले यातायात व्यवस्थासँग जोडिएका सवालमा यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, सम्बन्धित सरोकारवालाले समन्वयात्मक ढङ्गले छलफल गर्दै समस्याको निकास निकाल्नुपर्ने औँल्याए । यातायात व्यवस्थालाई सुधार र सुदृढ गर्न तथा भरपर्दो एवं सुरक्षित बनाउनका निम्ति सम्बन्धित सवालमा मन्त्रालयको सीमाभित्र रहेर महानगरपालिका, नगरपालिका ट्राफिक प्रहरी र अन्य मन्त्रालय तथा निकायसँग जोडिएर समन्वयन गरिरहेको उनले बताए ।

कार्यक्रममा पूर्व अरनिको यातायात प्रालिका अध्यक्ष केदार खत्री क्षेत्रीले विगत ५० वर्षदेखि कोटेश्वरपूर्वका जिल्लामा सार्वजनिक यातायातको सेवा दिँदै आएको प्रालिले श्रमिकका छोराछोरीका लागि नि:शुल्क पठनपाठनको व्यवस्था गर्दै आएको र शनिबारदेखि तिनै मजदुरका छोराछोरीका लागि नि:शुल्क चारवटा स्कुल बस सञ्चालनमा ल्याएको बताए । चालक, सहचालकका छोराछोरीलाई नि:शल्क पठनपाठनको व्यवस्था गर्दै आएकामा शनिबारदेखि नि:शुल्क बस सेवा सञ्चालन गरेको बताउँदै उनले मजदुरका छोराछोरी पनि डाक्टर, इञ्जीनियर बनाउन लागिरहेको बताए ।

उनले भने, 'कोटेश्वरपूर्वका लागि जडीबुटीमा १४ रोपनी जग्गा भाडामा लिएर तीन करोडको लगानीमा १५ वर्षका लागि बसपार्क बनाउँदैछौं, तर काठमाडौं महानगरपालिकाले टिकट काउन्टर र यात्रु चढ्ने तथा ओर्लन नपाउने निर्णय गरेर जटिलता ल्याएको छ, महानगरले गर्दा जडीबुटीबाट कोटेश्वरसम्म बिहान ५ बजे यात्रुहरू अलपत्र पर्ने गरेका छन् ।' कार्यक्रममा यातायात व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद भट्टराई, काठमाडौं उपत्यका ट्राफिक महाशाखाका प्रमुख पोषराज पोखरेललगायतले यातायात व्यवस्थाभित्र रहेका समस्यालाई समाधान गर्न आवश्यक रहेको औँल्याए ।

त्यस अवसरमा दुर्घटनामा निधन भएका अरनिको यातायात प्रालिका बस चालक कृष्णराम कोजूकी पत्नी लक्ष्मी कोजूलाई प्रालिको तर्फबाट १० लाख सहयोग रकम हस्तान्तरण गरिएको थियो ।

# सांसद गौतमले तोडे अनसन

■ सौर्य समाचार



बर्दिया । भासिएको पुल पुन:र्निमाणको माग राखेर बर्दियामा अनसन बसेका सांसद एवं पुर्व सिचाई मन्त्री संजय कुमार गौतमले अनसन तोडेको छन् । अनसनको आठौं दिनमा भौतिक पुर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले शनिबार जुस खुवाएर अनसन तोडाएका हुन् ।

सरकारको तर्फबाट प्रतिनिधित्व गर्दै मन्त्री ज्वालाले अनसन स्थगित गर्नका लागि वार्ताको पहल गरेका थिए । सांसद गौतम र मन्त्री ज्वाला बीच ११ बुँदे सहमति भए सँगै अनसन स्थगित भएको हो । भत्किएका पुलका अवशेषहरु जेठ २० गतेसम्म हटाउने, नयाँ पुल निर्माणको लागि जेठ महिना भित्र टेण्डरको सूचना निकाल्ने, बबई सिचाई आयोजनाको बाँकी कार्य निर्धारित समय भित्र सम्पन्न गर्ने, बर्दियाका नदी नियन्त्रणका कार्यहरु अगाडि बढाउने, भुरिगाउँ तेलपानी सडक निर्माण, गुलरिया मुर्तिया नाका सञ्चालन तयारी गर्ने लगायतका ११ बुँदे सहमति भएको छ ।

मन्त्री ज्वालाले जेठ महिना भित्रै जब्दीघाटमा नयाँ पुल निर्माणको सुरुवात गर्ने बताए । उनले सांसद गौतमले उठाएका मुद्दाहरु जायज भएको हुनाले सबै मुद्दाहरुको सम्बोधन सम्बन्धित मन्त्रालयहरुबाट हुने बताए । गुलरिया नगरपालिका र बारबर्दिया नगरपालिका जोड्ने जब्दीघाटको पुल भाँचिएको ७ बर्ष बित्दा पनि पुर्ननिर्माण भएको छैन । गत असोज २२ गतेका दिन भाँचिएको पुलको तिन ओटा सल्याब बगाएर तल खसालेको छ । सल्याबले नदीमा सहज रुपमा पानी बग्न नदिई बाँधको रुपमा काम गरिरहेको छ । आउँदो बर्षातको समयमा बर्दियाको सदरमुकाम गुलरिया, बारबर्दिया र मधुवन नगरपालिका डुब्ने खतरा देखिएको थियो ।

२०६५ सालदेखि निर्माण शुरु भएको पुल करिब दश वर्षपछि सम्पन्न भएको थियो । ४२५ मिटर उक्त पुल १६ करोड ६८ लाख रुपैयाँ लागतमा ०७४ सालमा सम्पन्न भएको थियो । पप्पु कन्स्ट्रक्सनले निर्माण गरेको बबई नदीको जब्दीघाटको पुल हस्तान्तरण नहुँदै २०७४ साल साउन २९ गते आएको बाढीले पुलका तीनवटा स्पान भासिएका थियो । त्यसैगरी गत असोज २२ गते आएको बाढीले १७ वटा स्पान मध्ये पूर्व तर्फको तीनवटा स्ल्याप र स्पान बगाएको थियो ।

# हरेक 'बुक फ्री फ्राइडे' मा बिद्यार्थीसँगै बस्छु : बालेन

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले हरेक शुक्रवार बालबालिकासँग बस्न सुरु गरेको जनाएका छन् । काठमाडौं महानगरपालिकाले शिक्षालाई प्राथमिकतामा राखेर कार्य गरेको जनाउँदै मेयर शाहले 'बुक फ्री फ्राइडे' अभियान क्रमश सफल हुदैं गएकोसमेत जनाएका छन् ।

उनले सो बारेमा सामाजिक सञ्जालमार्फत जानकारीसमेत दिएका छन । उनले फेसबुकमा लेखेका छन: म काठमाडौं महानगरपालिकामा मेयरको रूपमा निर्वाचित भए देखि नै शिक्षालाई प्रमुख प्राथमिकतामा राखेर काम गर्दै आएका छौं । पछिल्लो समयमा हरेक शुक्रवार विद्यालयमा विद्यार्थिहरु सँगै बस्ने र उनीहरू सँग बसेर सिक्ने गरेको छु ।

शुक्रवार बिहान काठमाडौंको शिवपुरी माध्यमिक विद्यालयको निरीक्षण गरियो । शिक्षामा सीप कार्यक्रम मार्फत विद्यार्थीहरू सँगै बसेर सिक्न मौका पाएँ । साथै बुक फ्री फ्राइडे कार्यक्रममा विद्यार्थी र शिक्षकहरूको सहभागिताको बारेमा पनि बुझ्नु पाइएको थियो ।

शिवपुरी माध्यमिक विद्यालयमा पाक कला र मोबाइल इलेकट्रोनिक्स गरी २ वटा कक्षा सञ्चालनमा छन् । उक्त कार्यक्रममा प्रत्येक कक्षामा कक्षा ९ का ३० जना विद्यार्थीहरू सहभागी छन् ।

उक्त अनुगमनमा विद्यार्थीलाई भविष्यको लागि तयार गर्न यसले पार्ने प्रभावको बारेमा बुझ्ने मौका समेत पाए। यसका साथै हामीले अडियो भिजुअल कक्षामा विद्यार्थीहरूको सहभागिता कस्तो छ भनेर पनि हेर्ने मौका पाएको थिएँ । साथै विद्यालयहरूको वर्तमान अवस्था, विद्यालयको समग्र विकासका लागि आवश्यक पर्ने पूर्वाधार, स्रोतसाधन र अन्य आवश्यकताका बारेमा पनि जानकारी पाइयो । विद्यालयको भ्रमणको अन्त्यमा शौचालयको सरसफाइ र शौचालयको अवस्थाको समेत अवलोकन गरेको थिएँ ।

त्यस्तै दिउँसो पद्मकन्या विद्याश्रम भ्रमण गरिएको थियो । उक्त विद्यालयमा सिपमा शिक्षा कार्यक्रम अन्तर्गत विद्यार्थीहरू स्केचीङ र मूर्तिकला, फेसन र कपडा निर्माण जस्ता कार्यक्रममा संलग्न भएका छन् । यस्तै 'बुक फ्री फ्राइडे' कार्यक्रम अन्तर्गत विद्यार्थीहरू पत्रपत्रिका पठन, भाषण तथा कविता, कला तथा खेलकुद, चित्रकला, सर्वेक्षण, विज्ञान प्रयोगशालामा सहभागी भएका पाइयो। यस्तै उक्त विद्यालयमा हामीले नेपालकै पहिलो विद्यार्थिहरुको ट्राफिक क्लब पनि स्थापना गरेका छौं ।


**नेपाल सरकार**

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**सडक विभाग**

**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत**

**सडक डिभिजन जुम्ला**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०२/०७**

यस सडक डिभिजनको सूचना नं. ७-०७९/८०, मिति : २०७९/१२/१० गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमका ठेक्काको बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक पेश भएका बोलपत्रहरुमध्ये प्राविधिक मूल्यांकनमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | बोलपत्रदाताहरुको नाम / ठेगाना | कबोल अंक (भ्याट र पी एस समेत) |
|---|---|---|---|---|
| 1 | RDJML/337310 113/ 079/80-31 | Road Protection works along Karnali Highway Daikhola-Hulma Bazzar section (Ch 132+000 km to 139+300 km), Kalikot | M/S Hamro-G.T.-Badimalika J.V,Surkhet | 8,16,65,820.80 |
| 2 | RDJML/ 337310 113/ 079/80-32 | Road Protection Work along Karnali Highway Hulma Bazzar to Gairigaun Section (Ch 139+300 km to 147+000 km), Kalikot | M/S Radha Krishna & Brother Construction Pvt. Ltd,Sindhupalchowk | 7,47,85,714.10 |
| 3 | RDJML/ 337310 113/079/80-33 | Road Protection Work along Karnali Highway Gaurigaun to Manma Bazzar Section (Ch 147+000 km to Ch 154+500 km) ,Kalikot | M/S Abhiyan Construction Pvt.Ltd,Kathmandu. | 9,40,79,247.40 |
| 4 | RDJML/ 337310 113/079/80-34 | Road Protection works along Karnali Highway Manma Bazzar to Behani Khola Section (Ch 155+750 km to 163+000 km , Kalikot | M/S Radha Krishna & Brother Construction Pvt. Ltd,Sindhupalchowk | 8,08,81,127.40 |
| 5 | RDJML/337310 113/079/80-35 | Roadway Protection works along Karnali Highway Behani Khola to Shimle Ghat Section (Ch 163+000 km to 173+500 km), Kalikot | M/S Y.S.S Nirman Sewa Pvt.Ltd.,Surkhet | 7,95,99,581.90 |
| 6 | RDJML/ 337310 113/079/80-37 | Roadway Protection works along Karnali Highway Balighat to Nagma Section (Ch 185+000 km to 205+000 km), Kalikot | M/S Kunsaling-Trishakti-United Shine J.V.,Bhaktapur | 8,41,57,897.38 |

**डिभिजन प्रमुख**



**आँधीखोला कृषि तथा पशुपालन फार्म लिमिटेडको जगेडा (मौज्दात) मा रहेको शेयर बिक्री सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७९।०७।१३ मा बसेको संचालक समितिको बैठकले जगेडा (मौजात) मा रहेका जम्मा १,५८,०११ कित्ता शेयर प्रति कित्ता रु. १००।- का दरले हाल कायम रहेका संस्थापक शेयरधनीहरुलाई बिक्री गर्ने भनी निर्णय गरेको हुँदा खरिद गर्न ईच्छुक शेयरधनीहरुले आफूले खरिद गर्न चाहेको शेयर संख्या अनुसारको रकम यस कम्पनीको तपशिल बमोजिमको खातामा जम्मा गरेको भौचर संलग्न गरी यस कम्पनीको रजिष्टर्ड कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ साथै निर्धारित समयमा सस्थापक शेयरधनीहरुबाट उपरोक्त शेयर खरिद हुन नसकेमा अन्य व्यक्तिहरुलाई बिक्री गरिने व्यहोरा जानकारी गराइन्छ ।

आँधीखोला कृषि तथा पशुपालन फार्म लिमिटेड,
पुतलीवजार १, स्याङ्जा ।
सम्पर्क ईमेल: a.krishitathapashupalanfarm@gmail.com
रकम जम्मा गर्ने बैंक र खाता: ग्लोबल आईएमई बैंक लिमिटेड, पानीपोखरी, खाता नं. [illegible]